# चन्दननाथ नगर स्तरीय लैंगिक हिंसा न्युनिकरण तथा वाल संरक्षण नीति, २०७६

**नगर कार्यपालिकाको निर्णय मिति २०७७।०८।३०**

चन्दननाथ न.पा. जुम्लाको आयोजनामा मिति २०७६।०२।२८ र २९ गते संचालित बाल संरक्षण तथा लैंगिक हिंसा न्यूनीकरण नीति तथा निर्देशिका निर्माण सम्बन्धि अभिमुखिकरण तालिममा छलफल गरिएका विषयबस्तुहरुका आधारमा अधिवक्ता पदम बहादुर शाहीद्धारा तयार गरिएको चन्दननाथ नगर स्तरीय लैंगिक हिंसा न्युनिकरण तथा वाल संरक्षण नीति, २०७६ को प्रस्तावित पहिलो मसौदा ।

अभिमुखीकरण कार्यक्रम र नीति मसौदाकालागी आर्थिक सहयोग गर्ने संस्थाको नाम :**UNICEF**

## १.पृष्ठभुमी :

नेपालको संविधानले प्रत्येक व्यक्तिलाई सम्मानपुर्वक बाँच्न पाउने हकको प्रत्याभुति गरेको छ । आर्थिक, सामाजिक र साँस्कृतिक रुपमा पछाडी परेका वर्गलाई शसक्तिकरण्का माध्यमबाट राज्यको मुल प्रवाहमा ल्याई पुर्‍याउनु पर्ने राज्यको पहिलो दायित्व हो । यसरी पछारी परेका वर्गलाई नीति निर्माणको तहसम्म पुर्‍याउन उपयुक्त नीतिको तर्जुमा गरी कार्यान्वयन गर्न सकेमामात्र न्यायपूर्ण एबं समतामुलक समाजको निर्माण गर्न सकिन्छ । नेपालले मानव अधिकार सम्बन्धि विश्वव्यापी घोषणा पत्र, १९४८ मा उल्लेखित व्यवस्थाहरुलाई अवलम्वन गरेको छ । साथै महिला माथी हुने सवै प्रकारका विभेदहरुलाई अन्त्य गर्ने महासन्धी (CEDAW) 1979, वाल अधिकार महासन्धी, १९८९ लाई समेत अनुमोदन गरी तिं महासन्धीहरको पक्ष राष्ट्र भई सकेको छ । नेपालले मानव अधिकार, महिला अधिकार र वाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धीमा भएका प्रावधानहरुलाई नेपालको संबिधानमा समेत समेटेको पाईन्छ । संविधानको धारा ३८ महिलाको हक र धारा

३९ बालवालिकाको हक सम्बन्धी व्यवस्था गरिएकोमा उक्त मौलिक हकहरुलाई कार्यान्वयन गर्नु आजको आवश्यक्ता टड्कारो आवश्यक्ता छ ।

संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको मुल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तिन तह रहने र राज्य शक्तिको प्रयोग यिं तिन वटै तहले संविधान र कानुन बमोजिम गर्ने छन् भन्ने व्यवस्था नेपालको संविधानले गरेको छ । जस अन्तरगत स्थानीय तहको अधिकार अनुसूचि-८ मा र संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अनुसूचि-९ मा उल्लेखित विषयमा निहित रहने छ र त्यस्तो अधिकारको प्रयोग संघिय कानुन, प्रदेश कानुन र गाउँ सभा र नगर सभाले बनाएको कानुन बमोजिम हुनेछ भनी राज्यशक्तिको बाँडफाँड गरेको छ । यस सन्दर्भमा महिला तथा वालवालिकाको सर्बोत्तम हितलाई ध्यानमा राखी यस चन्दननाथ नगरपालिकाले सरकारी निकाय, गैर सरकारी संस्था, नागरिक समाज, बौद्धिक समुदाय लगायत सरोकारवालाहरुको संलग्नता, सहभागिता र समन्वयमा लैंगिक हिंसा न्यूनीकरण तथा बाल संरक्षण नीति, २०७६ को निर्माण गर्न आवश्यक्ताको महशुस गरी यो नीति तयार गरिएको हो ।

## २.बर्तमान अवस्था :

नेपालको संविधानको राज्यका निर्देशक सिद्धान्त अन्तरगत धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा यस्तै कुनै पनि आधारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामुलक समाज निर्माण गर्ने लगायत राज्यको सामाजिक र साँस्कृतिक उदेश्य हुने कुरा उल्लेख छ । मानव अधिकारको संरक्षण र संबर्धन गर्दै विधिको शासन कायम गर्ने, नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय सन्धी सम्झौताको कार्यान्वयन गर्ने , स्वस्थ्य र सभ्य संकृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्ने, उपलव्ध स्रोत र साधन तथा आर्थिक विकासको प्रतिफलको न्यायोचित वितरण गर्ने, विकास निर्माणको प्रक्रियामा स्थानीय जनसहभागिता अभिबृद्धि गर्ने, विकासको प्रतिफल वितरणमा विपन्न नागरिकलाई प्राथमिकता दिने, मर्यादित श्रमको अवधारणा अनुरुप सवै श्रमिकको आधारभुत अधिकारहरुको सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभुत गर्ने, बाल श्रम लगायत श्रम शोषणका सबै रुपको अन्त्य गर्ने, असहाय, एकल महिलाको जीविकोपार्जनका समुचित व्यवस्था गर्दै जाने, जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना, संरक्षण, शसक्तिकरण गरी

स्वावलम्बी बनाउने, बालबालिकाको सर्बोत्तम हितलाई प्राथमिकता दिने लगायतका कुराहरु राजयका नीतिको रुपमा तय गरिएका छन् । राज्यका निर्देशक सिद्धान्तहरुको अनुसरण तथा राज्यका नीतिहरुको क्रमशः कार्यान्वयन गर्दै जाने राज्यको दायित्व हुनेछ भन्ने उल्लेख छ । त्यसैगरी घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ ऐ नियमावली २०६७, वाल बालिका सम्बन्धी ऐन, २०७५ तथा नियमावली.., बाल श्रम (निषेध र नियन्त्रण) ऐन,...स्थानीय सरकार संचालन ऐन, २०७४ लगायत महिला तथा बाल बालिकाका हक अधिकार संग सम्बन्धित संविधान र कानुनमा भएका व्यवस्थाहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु पर्ने अवस्था विद्यमान छ ।

## ३. नीतिको आवश्यक्ता :

माथी उल्लेखित राज्यका निर्देशक सिद्धान्त, नीति र मौलिक हकको कार्यान्वयन गर्नकालागी संघ, प्रदेश र स्थानीय तहको समन्वयात्मक तथा प्रभावकारी भुमिकाको पहिचान गरी स्पष्ट नीतिगत व्यवस्था गर्न आवश्यक छ । यस चन्दननाथ नगरपालिकाले लैंगिक हिंसा न्यूनीकरण तथा बाल संरक्षणका बिभिन्न कार्यक्रमहरु संचालन गर्दै आई रहेको भएतापनि यसको दायरालाई अँझ फराकिलो बनाउन र प्रभावकारी समन्वयको आवश्यक्ता महशुस गरी संबिधान प्रदत्त मौलिक हकको कार्यान्वयन तथा नेपालले जनाएका अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई कार्यान्वयन गर्दै यस नगरपालिकाको क्षेत्र भित्र लैंगिक हिंसा न्यूनीकरण गर्ने र बाल संरक्षण गर्ने राज्यको मुल दायित्व पुरा गर्नकालागी यो नीति तर्जुमा गरिएको हो ।

## ४. नीतिको लक्ष :

आर्थिक, सामाजिक र साँस्कृतिक लगायत अन्य कुनैपनि कारणबाट आफ्नो हक हित संरक्षण गर्न असमर्थ महिला तथा बालबालिकाको सम्मानपुर्वक बाँच्न पाउने हक, हित र सरोकारको संरक्षण गरी न्यायपूर्ण र समतामुलक समाजको निर्माण गर्ने ।

## ५. नीतिको उदेश्य :

१. संविधान प्रदत्त महिला र बालबालिकाको हकको प्रभावकारी कार्यान्वयन गर्दै लैंगिक हिंसा न्यूनीकरण र बाल संरक्षण गर्ने ।

२. लैंगिक हिंसा न्यूनकिरण र बाल अधिकार संरक्षणको क्षेत्रको दायरालाई फराकिलो बनाउँदै प्रभावकारी समन्वय गर्ने ।

३. माहिला तथा बालबालिका सम्बन्धी अधिकारहरुलाई सुनिश्चित गर्दै उत्पादनशिल स्रोतहरुमा उनीहरुको पहुँच बढाएर नगरपालिकाका राजनितिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक क्षेत्रका सबै तहका नीति निर्माण, निर्णय एबं कार्यान्वयनमा सहभागिता गराउनका साथै लैंगिक संवेदनशिलतामा आधारित अर्थपूर्ण सहभागिताका माध्यमबाट नेतृत्व क्षमताको विकास गरी महिला र बालबालिकालाई नगरपालिकाको बिकासको संबाहक शक्तिको रुपमा स्थापित गर्ने ।

४. प्राथमिकता तथा विशेष प्राथमिकताको समुहमा पर्ने महिला तथा बालबालिकालाई सकारात्मक विभेदको माध्यमबाट शसक्तिकरण गरी नगरपालिकाको विकासको मुल प्रवाहमा ल्याउने ।

## ६. उदेश्य प्राप्तीकालागी लिइने नीतिहरु :

१. आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपले पछाडी परेका र हिंसा पीडित एबं प्रभावित महिला तथा बालबालिकाको पहिचानका आधारलाई व्यवहारिक र बैज्ञानिक बनाउने ।

२. आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपले पछाडी परेका र हिंसा पीडित एबं प्रभावित महिला तथा बालबालिकाको वास्तविक आवश्यक्ताहरुको एकिन गरी सोही अनुरुपको सेवा वा सहायता उपलब्ध गराउने ।

३. स्थानीय न्यायिक समितिको समन्वय र सहकार्यमा स्थानीय तहमा नै कानुनी शिक्षा सचेतना तथा मनोसामाजिक परामर्श सेवा उपलब्ध गराउने ।

४. नगरपालिका स्तरमा गठीत महिला सञ्जाल, आमा समुह, बाल क्लब, यूवा क्लब लगायतका सामुदायिक संस्थाहरुको परिचालन गरी लैंगिक हिंसा न्यूनीकरण तथा बाल संरक्षण कार्यक्रमको संचालन गर्ने ।

५. कानुन व्यवशायी तथा मनोसामाजिक परामर्श सेवा प्रदायकहरुको सूची तयार गरी बिषय विज्ञताका आधारमा निःशुल्क कानुनी सहायता तथा मनोसामाजिक परामर्शसेवा उपलब्ध गराउने ।

६. बाल क्लव, आमा समुह, महिला संजालका सदस्यहरुको क्षमता अभिबृद्धि गर्ने ।

७. महिला तथा बालबालिकाको क्षेत्रमा नगरपालिका कार्यरत सरकारी तथा गैर सरकारी संघ संस्था, निकायहरुको एकिकृत सहायता संयन्त्रको निर्माण गरी निरन्तर समन्वय र सहकार्य जारी राख्ने ।

८. प्रत्येक वडामा मेलमिलाप कर्ता र मध्यस्तकर्ता तयार गर्ने र उनीहरुको क्षमता अभिबृद्धि गर्ने ।

९. नगरपालिकाका जनप्रतिनिधिहरु, न्यायिक समितिका संयोजक र सदस्यहरु तथा कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्ने ।

१०. नगरपालिकाका जनप्रतिनिधिहरु, न्यायिक समितिका संयोजक र सदस्यहरु तथा कर्मचारीहरु र महिला तथा बालबालिकाको क्षेत्रमा कार्यरत संघ, संस्था, कर्मचारीहरुको महिला तथा बाल मैत्री आचार संहिता निर्माण गरी लागु गर्ने उक्त आचार संहिता पालनामा मुल्याङ्कनको आधारमा पुरुस्कार र दण्डको व्यवस्था गर्ने ।

११. पीडित वा प्रभावित महिला तथा बालबालिकालाई एकिकृत सहायता उपलव्ध गराउनकालागी सहायता प्रणालीको समन्वय, सहकार्य, अनुगमन, मुल्याङ्कन र प्रतिवेदन प्रणालीको विकास गर्ने ।

१२. हिंसापीडित महिला तथा बालबालिकाको पहिचान गरी उनीहरुलाई परिचय पत्र उपलव्ध गराउने ।

१३. हिंसा पीडित महिला र बालबालिकालाई निःशुल्क कानुनी उपलव्ध गराउने ।

१४. महिला तथा बालबालिका सहायताकालागी छुट्टै कोषको व्यवस्था गर्ने ।

**७. रणनीति :**

१. हिंसा पीडित महिला तथा प्रभावित बालबालिकाको सम्बन्धित वडाको सिफारिसमा वा परिचय पत्रका आधारमा आवश्यक सेवा वा सहायता उपलव्ध गराउने ।

२. अपाङ्गता भएका, घरेलु हिंसा र लैंगिक हिंसा, शसस्त्र द्वन्दबाट पीडित, जातीय भेदभाव तथा छुवाछुत कसुरबाट पीडित महिला तथा बालबालिका, जेष्ठ नागरिक, एकल महिलालाई निजले दिएको निवेदनमाथी जाँचबुझ गरी आवश्यक सेवा वा सहायता उपलव्ध गराउने ।

३. न्यायिक समितिले असमर्थ पक्षलाई निःशुल्क कानुनी सहायता उपलव्ध गराउने । त्यसरी निःशुल्क कानुनी सहायता उपलव्ध गराउँदा असमर्थताको आधार निम्न बमोजिम तोकिने छ :

क) एकल महिला

ख) दलित महिला तथा बालबालिका

ग) आदिबासी जनजाती महिला तथा बालबालिका

घ) आर्थिक रुपमा कमजोर महिला तथा बालबालिका

ङ) हिंसा पीडित महिला तथा बालबालिका

४. न्यायिक समितिले जिल्ला स्थित अदालत, नेपाल वार एशोसिएशन, सरकारी वकिल कार्यालय, प्रहरी कार्यालय, स्वास्थ्य संस्था, क्याम्पस, उच्च माध्यामिक वा माध्यामिक विद्यालयहरुसंग समन्वय र सहकार्य गरी कानुनी शिक्षा सचेतना, मनोसामाजिक परामर्श तथा अन्य आवश्यक सेवा सम्बन्धी कार्यक्रम संचालन गर्ने ।

५. हिंसा पीडित तथा प्रभावित बालबालिकाको अभिलेख अद्यावधिक गर्ने ।

६. औपचारिक अनौपचारिक शिक्षा प्रणालीमा महिलाको संलग्नता बढाउने ।

७. एकिकृत संयन्त्रको निर्माण गरी व्यापक जनवकालतका कार्यक्रम संचालन गर्ने ।

८. पीडितलाई आत्म बल बढाउन पीडितहरुको समुह निर्माण गरी समुह मार्फत शिप विकासका तालिम, न्यून व्याज दरमा ऋण सहयोग उपलव्ध गराउने ।

९. समावेशीकरणको मुल मर्मलाई आत्मसात गरी महिलाहरुलाई विकासको मुल प्रवाहीकरणमा विना रोकावट प्रतिनिधित्व गराउने वातावरण सृजना गर्ने ।

१०. महिला हितको विपक्षमा वनेका स्थानीय कानुनहरुमा आवश्यक संशोधन र सुधार गर्ने ।

११. महिला हक अधिकार प्रचलन गराउन पुरुष सहकार्यमा जोड दिने ।

१२.सञ्चार माध्यमहरुमा महिला र बालबालिकाका बिषयलाई प्राथमिकता र संवेदनशिल ढंगले प्रचार प्रसार गर्ने ।

१३.होटल, रेष्टुरेण्टहरुमा वेश्याबृत्ति र मादक पदार्थ सेवन गरी सृजना हुने सामाजिक विकृतिहरुलाई निगरानी र नियन्त्रण गर्न तालिमप्राप्त नगर रक्षकहरुलाई परिचालन गर्ने ।

१४.महिला-महिला विचको आपसी एकताको भावना विकास गर्ने, सहकार्य गर्न सक्ने लक्षीत कार्यक्रम संचालन गर्ने ।

१५.छोरा सरह छोरीलाई सम्पति माथीको अधिकार स्थापित गर्ने । महिलाको घरेलु कामको मुल्याङ्कन गर्ने ।

१६.महिला र बालबालिकालाई अपमानित हुने वा मान मर्दन हुने उखान टुक्काको प्रयोग तथा गितहरुको प्रयोग गर्न बन्देज गर्ने । बोक्सीको आरोपमा महिलामाथी हुने यातनाको अन्त गर्ने । धामी झाँक्री जस्ता अन्धविश्वासमा आधारित समाजलाई रुपान्तरण गर्ने उपाय अवलम्बन गर्ने ।

१७.राष्ट्रिय महिला आयोगका कार्यक्रमहरुलाई नगरपालिका स्तरमा नियमित रुपमा संचालन गर्ने , समन्वय गर्ने ।

१८.दाईजो, सौगात तथा महिलाको आत्म सम्मानलाई आँच पुऱ्याउने प्रथा परम्पराको अन्त्य गर्ने ।त्यसैगरी छाउपडी प्रथा जस्ता सामाजिक कुरितिहरुको अन्त गर्ने ।

१९.महिला र बालबालिकालाई असर गर्ने घरयासी विभेदपूर्ण व्यवहारको पहिचान र त्यसको अन्त्यको उपायहरुको खोजी गर्ने ।

२०.सुरक्षीत गर्भाधान, गर्भपतन तथा सुत्केरी अवस्थालाई विशेष संवेदनशिल अवस्था घोषणा गर्ने र त्यस्तो अवस्थामा हुन सक्ने संभावित दुर्घटनालाई न्यूनीकरण गर्ने उपायहरु अवलम्वन गर्ने ।

२१. बाल बिवाह, वहु बिवाह, छोरा प्रतिको मोह जस्ता सामाजिक मान्यतालाई विकृतिको रुपमा घोषणा गरी त्यस्ता बिकृति रोक्ने ।

२२. शसस्त्र संघर्षबाट प्रभावित, द्वन्द पीडित महिला तथा बालबालिका परित्यक्ता, गरिब, अपाङ्गता भएका महिला बालबालिकालाईरोजगारी लगायत आवश्यक उपलव्ध गराउने ।

२३. यौनजन्य हिंसाका कारण पीडित, एच.आई.भि. संक्रमित, दिर्घ रोगबाट पीडित महिला तथा बालबालिकाको स्वास्थ्यमा पर्न सक्ने प्रतिकुल असर पर्ने संभावनालाई न्यूनीकरण गर्न आवश्यक र उपयूक्त कदम चाल्ने ।

२४. महिलामा रहेको गरिबीलाई निवारण गर्न महिलाको क्षमता अभिबृद्धि गर्न पुँजिमा, साधनमा, ऋणमा, भूमीमा, प्रविधीमा, सूचनामा, तालिममा, प्रविधी सहयोगमा महिलाको पहुँचमा बृद्धि गर्ने ।

२५. कठीन परिस्थितिमा बालबालिकाहरु खासगरी अपाङ्गता भएका, टुहुरा, मगन्ते, सडक बालबालिका तथा यौन शोषणमा परेका बालबालिकाहरुलाई सक्षम नागरिक बनाउन शिक्षा, स्वास्थ्य, आवास, तालिम जस्ता कार्यक्रमहरुलाई लक्षीत कार्यक्रम संचालन गर्ने ।

२६. सानो परिवार खुशी परिवारको महत्व बारे शिक्षा दिने, ढिलो विवाह , प्रजनन् स्वास्थ्य, परिवार नियोजनको महत्व र यसमा पुरुषको दृष्ट्रिकोणमा सकारात्मक सहयोगको अभिबृद्धि गर्ने, शिक्षित जनशक्ति तयार गरी सामुदायिक संस्थाहरुलाई परिचालन गर्ने र वडा/वस्तीस्तर सम्म पुऱ्याउने ।

२७. नगरपालिकामा लैंगिक हिंसा न्यूनीकरण समिति र वाल संरक्षण समितिको गठन गरी काम, कर्तव्य र अधिकार तोक्ने ।

२८. लैंगिक हिंसा न्यूनीकरण समिति र वाल संरक्षण समितिलाई बित्तिय र भौतिक स्रोत साधन उपलव्ध गराउने ।

२९. नगरपालिका भित्र निर्माण गरिने भौतिक संरचनाहरु लैंगिक मैत्री, बालबालिका मैत्री, अपाङ्गता मैत्री बनाईने ।

३०.लैंगिक हिंसा न्यूनीकरण समिति र बाल संरक्षण समितिको पृष्ठपोषणका आधारमा सेवा प्रदायक संघ संस्थाको मुल्याङ्कन गर्ने ।

३१.अनुगमन, मुल्याङ्कन र प्रतिवेदन र प्रतिवेदनको जिम्मेवारी तोक्ने ।

३२.हिंसा पीडित महिला र बालबालिकालाई प्रदान गरिने सेवा वा सहायताको आधारमा गैर सरकारी संस्थाहरुको अभिलेखिकरण र मुल्याङ्कन गर्ने ।

३३.बर्षमा कम्तिमा २ पटक हिंसा पीडित महिला तथा बालबालिकालाई प्रदान गरिएको सहयोग सम्बन्धी समिक्षा गर्ने ।

३४.लैंगिक हिंसा न्यूनीकरण समिति र बाल संरक्षण समितिले गरेका काम कारबाहीहरु बार्षिक रुपमा नगरसभामा पेश गर्ने ।

## ८. संस्थागत व्यवस्था :

लैंगिक हिंसा न्यूनीकरण गर्न चन्दननाथ न.पा. भित्रका सरकारी संस्था, निकाय तथा सरोकारवालाहरुको समन्वय, सहभागिता र सहकार्य हुने गरी एक लैंगिक हिंसा न्यूनीकरण समिति र एक बाल अधिकार समिति रहनेछ । उक्त समितिहरुले विषयगत रुपमा बिभिन्न उपसमितिहरु गठन गरी अनुगमन, मुल्याङ्कन र प्रतिवेदन प्रणालीको विकास गरिनेछ । त्यस्ता उपसमितिहरु वडा स्तरमा समेत गठन गर्न सकिनेछ ।

### ८.१.लैंगिक हिंसा न्यूनीकरण समितिको व्यवस्था :

लैंगिक हिंसा न्यूनीकरण समिति देहाय बमोजिमको हुनेछ :

| | |
|---|---|
| क) नगर कार्यपालिकाले तोकेको नगरकार्यपालिकाको महिला सदस्य | संयोजक |
| ख) नगरपालिका स्तरमा गठन भएको महिला सञ्जालको अध्यक्ष | सदस्य |
| ग) नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| घ) नगरपालिकाको महिला, बालबालिका शाखा प्रमुख | सदस्य |
| ङ) नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख | सदस्य |

**८.२. बाल अधिकारसमितिको व्यवस्था :**

बाल संरक्षण समिति देहाय बमोजिमको हुनेछ :

| | | |
|---|---|---|
| क) | उप प्रमुखले तोकेको नगरकार्यपालिकाको सदस्य | संयोजक |
| ख) | नगर बाल संरक्षण समितिको अध्यक्ष | सदस्य |
| ग) | नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| घ) | नगरपालिकाको महिला, बालबालिका शाखा प्रमुख | सदस्य |
| ङ) | नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख | सदस्य |

**८.३.लैंगिक हिंसा न्यूनीकरण समितिको काम कर्तव्य र अधिकार :**

लैंगिक हिंसा न्यूनीकरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) नगरपालिकाबाट स्वीकृत नीति मापदण्डको अधिनमा रही हिंसा पीडित महिलाको पहिचान गरी अभिलेख राख्ने ।

ख) हिंसा पीडित महिलालाई उपलव्ध गराईने सेवा वा सहायता र कार्यक्रम संचालन गर्दा आवश्यक पर्ने बार्षिक बजेट तयार गरी नगर परिषदमा पेश गर्ने ।

ग) उपलव्ध गराईने सेवा र सहायताकोलागी आवश्यक रकम समिति को निर्णय अनुसार पीडित महिलालाई उपलव्ध गराउने ।

घ) सहायताको मापदण्ड र आचार संहिता निर्माण गरी संलग्न निकाय र कर्मचारीकालगी लागु गर्ने ।

ङ) लैंगिक हिंसा न्यूनीकरण संग सम्बन्धीत जनचेतनामुलक र क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने ।

च) उपलब्ध गराईएको सहायता सम्बन्धी काम कारवाहीको अनुगमन तथा मुल्याङ्कन र प्रतिवेदन गर्ने ।

छ)कार्यक्रमको चौमासिक, अर्धमासिक र बार्षिक समिक्षा गर्ने गराउने र नगर सभामा पेश गर्ने ।

ज) सरोकारवाला निकायसंग समन्वय र सहकार्य गर्ने ।

झ ) नगर सभाले तोकेको अन्य कार्य गर्ने ।

## ८.४. वाल अधिकार समितिको काम, कर्तव्य र अधिकार :

बाल अधिकारसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) नगरपालिकाबाट स्वीकृत नीति मापदण्डको अधिनमा रही हिंसा पीडित बालबालिकाको पहिचान गरी अभिलेख राख्ने ।

ख) हिंसा पीडित बालबालिकालाई उपलब्ध गराईने सेवा वा सहायता र कार्यक्रम संचालन गर्दा आवश्यक पर्ने बार्षिक बजेट तयार गरी नगर परिषदमा पेश गर्ने ।

ग) उपलब्ध गराईने सेवा र सहायताकोलागी आवश्यक रकम समिति को निर्णय अनुसार पीडित महिलालाई उपलब्ध गराउने ।

घ) सहायताको मापदण्ड र आचार संहिता निर्माण गरी संलग्न निकाय र कर्मचारीकालगी लागु गर्ने ।

ङ) बाल संरक्षणसंग सम्बन्धीत जनचेतनामुलक र क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने ।

च) उपलब्ध गराईएको सहायता सम्बन्धी काम कारवाहीको अनुगमन तथा मुल्याङ्कन र प्रतिवेदन गर्ने ।

छ) कार्यक्रमको चौमासिक, अर्धमासिक र बार्षिक समिक्षा गर्ने गराउने र नगर सभामा पेश गर्ने ।

ज) सरोकारवाला निकायसंग समन्वय र सहकार्य गर्ने ।

झ ) नगर सभाले तोकेको अन्य कार्य गर्ने ।

**८.५. वडा स्तरको संरचना :**

लैंगिक हिंसा न्यूनीकरण समिति र बाल संरक्षण सम्बन्धीनीतिलाई प्रभावकारी बनाउन प्रत्येक वडामा पनि उप समितिहरु रहने छन् , त्यस्ता उप समितिले नगर स्तरिय समितिले तोकेका कार्य गर्ने छन् ।

**८.६. समितिको सचिवालय :**

लैंगिक हिंसा न्यूनीकरण समिति र वाल संरक्षण समितिको सचिवालय महिला तथा बालबालिका शाखामा रहने छ ।

**८.७. समितिको बैठक संचालन सम्बन्धी व्यवस्था :**

**क)** समितिका बैठक सामान्यतया महिनामा एक पटक बस्ने छन् । तर आवश्यक्ता अनुसार एक पटक भन्दा बढी पनि बून सक्ने छन् ।

ख) समितिको बैठकको गणपुरक संख्या पहिलो पटक ५१ प्रतिशत हुनेछ । तर एक पटक गणपूरक संख्या नपुगी बैठक स्थगित भएकोमा पुनः बैठक बस्दा एक तिहाई गणपूरक संख्या पुगेमा बैठक संचालन गर्न सकिनेछ ।

ग) समितिको बैठकको निर्णय बहुमतको आधारमा हुनेछ । मत बराबर भएमा मात्र बैठकको अध्यक्षता गर्नेले मतदान गर्ने छ र उक्त मत नै निर्यायक हुनेछ ।

घ) समितिको बैठकमा आबश्यक्ता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ । निजले बैठकमा आफ्नो विषयसंग सम्बन्धीत कुरा धारणा राख्न सक्नेछन् तर निजले बैठकको निर्णय प्रक्रियामा भाग लिन पाउने छैनन् ।

ङ) समितिको बैठकको निणयको रितपूर्वकको नक्कल सरोकारवालालाई उपलव्ध गराउनु पर्नेछ । तर विषयबस्तुको संवेदनशिलता हेरी बैठकको निर्णय गोप्य राख्न सकिनेछ ।

त्यसरी गोप्य राख्नु पर्ने प्रयाप्त र मनासिव आधार, कारण नभई बैठकको निर्णयको नक्कल दिन सरोकारवालालाई ईन्कार गरिने छैन ।

**९. नीतिको कार्यान्वय :**

लैंगिक हिंसा न्यूनीकरण तथा बाल संरक्षण नीतिको कार्यान्वयनकालागी तत् तत् समिति रहेको संस्थागत संयन्त्रको मुल जिम्मेवारी रहने गरी नगर सभा, नगरकार्यपालिका, नगर प्रमुख, उपप्रमुख, सम्बन्धित वडा अध्यक्षको सहयोग रहने गरी उपयूक्त व्यवस्था मिलाईने छ । त्यसैगरी नगरपालिका भित्रको महिला र बालबालिका शाखा हेर्ने प्रमुख, प्रमुख प्रशासकिय अधिकृत र निजहरु अन्तरगत सो विषय हेर्ने कर्मचारीहरुको आपसी सहयोग तथा सहकार्यलाई प्राथमिकतामा राखी यस नीतिको प्रभावकारी कार्यान्वयनकालागी उपयूक्त वातावरणको सृजना गरिनेछ । महिला र बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्था, सरकारी/गैर सरकारी निकाय, नेपाल वार एशोसिएशनको जिल्ला स्थित एकाई लगायतका संस्थाहरुसंग समन्वय र सहकार्य गर्दै यस नीतिको कार्यान्वयनमा जोड दिईनेछ । महिला अधिकार, लैंगिक हिंसा न्यूनीकरण, बाल अधिकार संरक्षण संग सम्बन्धित कानुनहरुको बारेमा व्यापक जनचेतनामूलक कार्यक्रम संचालन गरी जनस्तरसम्म जानकारी गराउने तथा नीति कार्यान्वयनकालागी प्रस्ताव गरिएका संस्थागत संरचना र जनशक्तिको क्षमता विकास गरिनेछ । यसकालागी लाग्ने आर्थिक स्रोतको अधिकतम् परिचालन गरिनेछ ।

**१०. अनुगमन तथा मुल्याङ्कन :**

**लैंगिक हिंसा न्यूनीकरण तथा बाल संरक्षण नीति २०७६ को कार्यान्वयन प्रभावकारी रुपमा भए नभएको तथा यस नीतिको उदेश्य प्राप्ती भए नभएको बिषयमा आन्तरिक रुपमा अनुगमन गर्ने कार्य यस नीतिमा प्रस्ताव गरिएका संयन्त्रबाट गरिनेछ । समितिको काम कारवाही तथा समितिले संचालन गर्ने कार्यक्रमहरुको प्रभावकारीताका विषयमा नगरपालिका प्रमुख/उप प्रमुख सहित नगर कार्यपालिकाले संयुक्त रुपमा गर्नेछन् । बर्षमा कम्तिमा एक पटक सेवाग्राहीको पृष्ठपोषण सहितको अनुगमन गर्ने कार्यतालिका बनाई नीति कार्यान्वयनमा ल्याईने छ ।**

**११. कानुनी व्यवस्थामा सुधार :**

**यस नीतिको कार्यान्वयनकालागी चन्दननाथ न.पा.ले पारित गरेका ऐन, नियमहरुको समिषा गरी आवश्यक्ता अनुसार शंसोधनको प्रक्रियामा लगिनेछ । आवश्यक शंसोधन पश्चात सो अनुरुप नियमावली, कार्यविधि र निर्देशिकावनाई कार्यान्वयनमा लगिनेछ ।**

**१२.नीतिको पुनरावलोकन र सुधार :**

**नीतिको प्रभावकारीता, उपयूक्तता र उपादयेताको बिषयमा प्रत्येक ५/ ५ बर्षमा स्वतन्त्र रुपमा मुल्याङ्कन गरि नीतिको कार्यान्वयनको सन्दर्भमा प्राप्त अनुभवको आधारमा नीतिमा समसामयिक पुनरावलोकन तथा सुधार गरिने छ ।**

**धन्यवाद ।**